जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०१/२१ गते मङ्गलवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

विशेष उपस्थिति:

समन्वय उप प्रमुख- श्री सरोज कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

नगर प्रमुख- श्री श्रवण कुमार यादव, मिर्चैया नगरपालिका, सिरहा

अध्यक्ष,- श्री जागेश्वर प्रसाद यादव, बिष्णुपुर गाउँपालिका, सिरहा

उपस्थित:

| क्र.स. | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री प्रदीपराज कणेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | श्री जितेन्द्र कुमार गौली | प्रमुख सेनानी | शेर गण चोहर्वा, सिरहा | |
| ३ | श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण, हे.क्वा., सिरहा | |
| ४ | श्री राम अचल साह | अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा | |
| ५ | श्री एकनाथ भट्टराई | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| ६ | श्री कृष्ण देव यादव | स्वास्थ्य प्रमुख | स्वास्थ्य कार्यालय, सिरहा | |
| ७ | डा. नागेन्द्र प्रसाद यादव | मे.सु | सिरहा अस्पताल, सिरहा | |
| ८ | श्री राजदेव यादव | सभापति | नेपाल रेडक्रस सोसाइटी, सिरहा | |
| ९ | श्री प्रमोद कुमार पौद्दार | अध्यक्ष | उद्योग बाणिज्य संघ, सिरहा | |
| १० | श्री शिव दयाल यादव | जिल्ला सचिव | नेपाल पत्रकार महासंघ | |
| | | | | |

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाको बैठक मिति २०७८/०१/२१ गते।

### बैठकको कारवाही एवम् निर्णय

१. सिरहा जिल्लामा कोभिड-१९ संक्रमणको दोस्रो लहर (Second Wave) को अवस्था/ प्रभाव देहाय अनुरुप रहन गएको व्यहोरा बैठकमा अवगत भयो ;

**क) कोभिड संक्रमणको अवस्था :**

| जिल्ला | संक्रमितको विवरण | | | | | PCR | | Antigen | | संक्रमितको उपचार अवस्था | | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | दोस्रो चरणमा खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हिजो सम्मको सक्रिय संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | मृत्यु भएको संक्रमित संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | ICU संख्या | भेन्टिलेटर संख्या | |
| सिरहा | ७१ | ४३ | ११ | ४ | ११४ | ५७६ | १२९ | २१५ | २१ | ९६ | ० | १८ | ० | ० | १७ | ३८५ | १७ | ५ | ५०५९ |

ख) स्वास्थ्य कार्यालय सिरहामा कोभिड-१९ विरुद्धको भाईल संख्या ४,७२७/- प्राप्त भई खोप लगाएकोमा खोप कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको ;

| पहिलो डोजको प्रगति | | | | |
|---|---|---|---|---|
| क्र.स. | मिति | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | २०७७ माघ १४ देखि २४ सम्म | ३९३० | ३४२६ | ८७.१३ |
| २ | २०७७ फाल्गुन २ देखि १० सम्म | ३३०० | २९२४ | ८८.७० |
| ३ | २०७७ फाल्गुन २३ देखि चेत्र २ सम्म | ४१७७९ | ३३९३५ | ८१.२२ |

| दोस्रो डोजको प्रगति | | | | |
|---|---|---|---|---|
| क्र.स. | मिति | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | २०७८ बैशाख ७ देखि २० गते सम्मको प्रगति | ६३५० | ५०५९ | |

२. कोभिड-१९ दोस्रो स्वरुपको संक्रमण जोखिम न्यूनीकरण गर्न नेपाल सरकार (म.प.) को २०७८/०१/०६ को निर्णय तथा CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्ति मा उल्लेखित विषय लाई कार्यान्वयन गर्न DCCMC सिरहाबाट मिति २०७८/०१/०६,२०७८/०१/०९, २०७८/०१/१३, २०७८/०१/१८ गते भएका निर्णय र मिति २०७८/०१/१९ म.व. ३२१/५२८६ का निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने, कोभिड-१९ दोस्रो लहरको संक्रमण अत्यन्त जोखिम स्थितिमा बढ्दै गएकोले सर्व साधारणको स्वास्थ्य हितलाई ध्यानमा राखी २०७८/०१/२३ गते विहान ६:०० बजे बाट अर्को व्यवस्था नहुँदासम्म सिरहा जिल्ला भर देहाय बमोजिम हुन प्रमुख जिल्ला अधिकारीबाट प्रचलीत कानून बमोजिम आदेश जारी गर्ने र यसमा सबैले सहयोग पु-याउने ;

क) यस अघि अवलम्वन गरिएका ~~देहाय कार्यलाई~~ हाट, बजार, मेला, भेला, सामुहिक भोज , नाचगान, जुलुस -याली नगर्ने नगराउने ।
तर निधो भै सकेको विवाह र धार्मिक सांस्कृति कृत्य स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्वन गर्ने शर्तमा न.पा/गा.पा. को कार्यालयको स्वीकृतिमा मात्र २५ जनामा नबढ्ने गरी विधि पु-याई सम्पन्न गर्ने,

ख) शैलुन, जिमखाना, स्पा.,साउना संचालन नगर्ने ,

ग) स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई औषधी, पानी, दुध डेरी र पेट्रोलीयम पदार्थ निर्वाध रुपमा व्यवशाय गर्ने ।

घ) खाध्यान, फलफुल र तरकारी विहान ६:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म, निर्माण सामाग्री खसाली भण्डारण गर्न वाहेक विहान ६:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म व्यवसाय गर्ने,

ङ) कृषि, उद्योग तथा विकास निर्माण स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रुपमा अपनाई उत्पादन तथा वितरण गर्न पाईने तर हाट बजार लगाउन नपाउने ।

च) म्याजिक, अटो रिक्सा, बस तथा निजि सावरी समेतमा स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्वन गरी सिट क्षमता भन्दा बढी यात्रु/वाहक नराख्ने र सार्वजनिक यातायातमा तोकिएको भाडा भन्दा बढी भाडा नलिने /नदिने,

छ) भाडाका यात्रु वाहक तथा परिचय पत्रधारी कर्मचारी वाहेकको निजि सवारी साधन गते अनुरुप जोर विजोरमा मात्र चल्ने
यसमा दमकल, एम्वुलेन्स, सुरक्षा निकाय अस्पताल अत्यावश्यक पदार्थ ढुवानी तथा आपतकालिन उद्धारका सवारी साधन चल्ने,

जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

ज) टेक अवे, होम डेलिभरी वाहेक विहान ८:०० बजे देखि वेलुकी ८:०० बजे वाहेकको समयमा होटल तथा रेष्टुरा संचालन नगर्ने। सो समयमा समेत स्वास्थ्य तथा सुरक्षाका मापदण्ड अवलम्वन गर्नु पर्ने तर्फ अनुगमन गर्ने।

झ) CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित व्यवस्था अनुरुप भौतिक उपस्थितिमा शिक्षण कक्षा वा परीक्षा संचालनमा रोक लगाए अनुरुप हुन अनुगमन बढाउने,

ञ) यस अघि अवलम्वन गरिएको मास्क नलगाई हिड्ने वा भौतिक दुरी समेत कायम नगर्नेलाई संक्रमण रोग ऐन, २०२० अनुरुप तत्काल रसिद मार्फत रु.१००/- रुपैया एक सय जरिवाना गरी दाखिला गर्ने।

३. नेपाल सरकार (म.प.) को २०७८/०१/१९ को निर्णयले सिरहा जिल्लामा सुरुमा ठाडी र माडर तथा पछि माडर नाका मात्र कायम रहेकोमा माडर नाका समेत बन्द भएकोले कडाइका साथ नियमन गर्ने।

४. कोभिड-१९ पोजेटिभ भएका व्यक्तिहरु सँग संकित व्यक्तिको पहिचान, एन्टिजेन वा PCR परीक्षण तथा आईसोलेसन कार्यमा आवश्यक सहयोग पु-याउने।

५. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ३१५४ मिति २०७८/०१/२० तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय को च.नं. १५७३ मिति २०७८/०१/२० समेतको प्राप्त पत्र बमोजिम कोभिड-१९ को दोस्रो लहरको संक्रमण तीव्र गतिमा बढिरहेकोले संक्रमितहरुको उपचारको लागि आवश्यक पर्ने अक्सिजनको माग दिनानुदिन बढीरहेको देखिएको सन्दर्भमा यही गतिमा संक्रमण बढ्ने क्रम जारी रहेमा अक्सिजनको अभाव सिर्जना हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी यस्तो महामारीको समयमा अक्सिजन जस्तो अत्यावश्यक बस्तुको आपुर्ति व्यवस्थामा असर पर्न नदिन अस्पताल प्रयोजन भन्दा बाहेक अक्सिजन प्रयोगलाई बन्द गर्नुपर्ने अवस्था देखिएको हुँदा अस्पताल प्रयोजन भन्दा अतिरिक्त प्रयोजनमा अक्सिजनको प्रयोगलाई बन्द गरी अस्पतालमा अक्सिजनको सहज आपुर्ति हुने व्यवस्था मिलाउने सम्वन्धि व्यहोरा बैठकमा अवगत भयो। यसमा जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालयले अनुगमन गरी सोको दैनिक प्रतिवेदन गर्ने।

६. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ३१३९ मिति २०७८/०१/१९ को प्राप्त पत्रानुसार राष्ट्रिय महिला आयोगको च.नं. ८१४ मिति २०७८/०१/१७ गतेको पत्रबाट स्थानीय तहबाट संचालित क्वारेन्टिनलाई महिलामैत्री हुने गरी व्यवस्थापन तथा संचालन गर्ने सम्वन्धी व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम गर्ने गराउन सवै स्थानीय तहलाई अनुरोध गर्ने।

७. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ३१३७ मिति २०७८/०१/१९ को प्राप्त पत्रानुसार कोरोना महामारीको दोस्रो लहरका कारण विभिन्न जिल्लामा जारी भएको निषेधाज्ञाको पहिलो दिनमै कृषि र पशुपन्छी क्षेत्रका उत्पादन सामाग्री एवंम उत्पादनका लागि आवश्यक पर्ने सामाग्रीहरुको ढुवानीमा अवरोध रहेको हुँदा ढुवानी व्यवस्था सहज गरिदिने सम्वन्धमा मा.कृषि तथा पशुपन्छी विकास मन्त्री पद्मा कुमारी अर्यालज्यूको निजि सचिवालयको च.नं. २४२ मिति २०७८/०१/१६ तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. १७८ मिति २०७८/०१/१५ गतेको पत्रानुसार तपसिलको सामाग्री ढुवानीमा सहजीकरण गरिदिन सम्वन्धि पत्रको व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम गर्ने गराउने।

**तपसिल:**

- समग्र कृषि उपज, कृषि मेशिनरी,रासायनिक मल (युरिया, डिएपी, पोटास ) र वीउविजन,

- समग्र पशुपन्छी (पशु, चल्ला, कुखुरा), पशुजन्य पदार्थ (दुध, मासु, अण्डा) तथा पशु उत्पादन सामाग्री (पशुपन्छीका दाना, दाना उत्पादनमा प्रयोग हुने मकै, भटमास लगायतका उत्पादन सामाग्रीहरु )
- भेटेरिनरी औषधी, भ्याक्सिन लगायतका सामाग्रीहरु ।

८. कोभिड-१९ संक्रमणको समयमा कृतिम अभाव वा बढी मुल्य/भाडा लिने वा म्याद नाघेका बस्तु बिक्री गर्ने कार्य हुन नदिन सवै स्थानीय तहबाट संयुक्त बजार अनुगमन कार्यलाई तिव्रता दिने ।

९. कोभिड-१९ संक्रमण भएकालाई स्वीकृत मापदण्ड अनुरुप आईसोलेसनमा राखी दैनिक अनुगमन गर्ने- प्रतिवेदन गर्ने र थप उपचार गर्नु पर्ने भएमा स्वास्थ्य सुरक्षाको मापदण्ड अनुरुप एम्वुलेन्समा राखी स्थानीय तहको आईसोलेसन वा पूर्व समन्वय गरी सिरहा अस्पतालको आईसोलेसन/कोभिड अस्पतालमा पठाउने समेतको जिम्मेवारी सम्वन्धित स्थानीय तह (प्रमुख-उप प्रमुख/अध्यक्ष-उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, स्वास्थ्य शाखा) तथा स्वास्थ्य कार्यालय को हुने हुँदा यस व्यहोरा सवै स्थानीय तह र स्वास्थ्य कार्यालयले आत्मसाथ गर्ने ।

१०. सार्वजनिक कार्यालय तथा स्थलमा रहेको Hand Wash Station लाई सम्वन्धित स्थानीय तह/कार्यालयले पुन: मर्मत गरी सुचारु गर्ने ।

११. वडा अध्यक्ष, स्थानीय स्वास्थ्य संस्था र स्थानीय प्रहरी प्रतिनिधि समेतको अनुगमन तथा निगरानी टिम बनाउने र सो टिमले होम क्वारेन्टिन तथा होम आईसोलेसनमा बस्नका लागि आवश्यक पुर्वाधार रहे नरहेको एकिन गरी स्वीकृतिको लागि LCCMC मा सिफारिस गर्ने र LCCMC तथा पालिकाबाट स्वीकृति लिई क्वारेन्टिन/आईसोलेसनमा बसेको व्यक्तिको दैनिक स्वास्थ्य निगरानी स्वास्थ्य शाखाले फोन मार्फत वा घरभेट गरी गर्ने । सोको दैनिक प्रतिवेदन स्वास्थ्य कार्यालयमा रहेको सिचुएसन सेन्टरलाई गर्ने ।

१२. सिरहा, लहान, गोलबजार न.पा. ले तत्कालै कम्तिमा १०० वेडको आईसोलेसन सेन्टर र अन्य गा.पा. हरुले हालको लागि कम्तिमा २५ वेडको र न.पा. हरुले ५० वेडको आईसोलेसन सेन्टर तत्काल तयार गरी अक्सिजन लगायतको अत्यावश्यक औषधी सामाग्रिहरुको समेत व्यवस्थापन गर्न अनुरोध गर्ने ।

१३. सिरहा न.पा. ले सिरहा अस्पताल र लहान न.पा. ले लहान अस्पतालको आईसोलेसन व्यवस्थापनमा आवश्यक सयहोग गर्ने ।

१४. सिरहा अस्पताल सिरहा र लहान अस्पताल, लहानको १/१ एम्वुलेन्सलाई कोभिड-१९ डेडिकेटेड एम्वुलेन्स बनाउने । सोमा लाग्ने इन्धन खर्च जिल्ला प्रशासनको कोभिड-१९ कोषबाट व्यहोर्ने ।

१५. ल्याव प्राविधिक नरहेको स्थानीय तहमा PCR/Antigen Test का लागि प्राविधिक पठाउन समन्वय गर्ने र सो को लागि यतायात तथा भ्रमण खर्च सम्वन्धित पालिकाले उपलव्ध गराउने तथा जोखिम भत्ता दरबन्दि रहेको स्थानबाट उपलव्ध हुने ।

१६. कोभिड-१९ का शंकास्पद विरामीहरुको जाँच परीक्षणका लागि १०,०००/- Antigen Test Kit प्रदेश सरकार स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रबाट तत्कालै उपलव्ध गराईदिनि अनुरोध गर्ने

जिल्ला प्रशासन कार्यालय सिरहा नेपाल

- समग्र पशुपन्छी (पशु, चल्ला, कुखुरा), पशुजन्य पदार्थ (दुध, मासु, अण्डा) तथा पशु उत्पादन सामाग्री (पशुपन्छीका दाना, दाना उत्पादनमा प्रयोग हुने मकै, भटमास लगायतका उत्पादन सामाग्रीहरु )
- भेटेरिनरी औषधी, भ्याक्सिन लगायतका सामाग्रीहरु ।

८. कोभिड-१९ संक्रमणको समयमा कृतिम अभाव वा बढी मुल्य/भाडा लिने वा म्याद नाघेका बस्तु बिक्री गर्ने कार्य हुन नदिन सबै स्थानीय तहबाट संयुक्त बजार अनुगमन कार्यलाई तिव्रता दिने ।

९. कोभिड-१९ संक्रमण भएकालाई स्वीकृत मापदण्ड अनुरुप आईसोलेसनमा राखी दैनिक अनुगमन गर्ने- प्रतिवेदन गर्ने र थप उपचार गर्नु पर्ने भएमा स्वास्थ्य सुरक्षाको मापदण्ड अनुरुप एम्वुलेन्समा राखी स्थानीय तहको आईसोलेसन वा पूर्व समन्वय गरी सिरहा अस्पतालको आईसोलेसन/कोभिड अस्पतालमा पठाउने समेतको जिम्मेवारी सम्वन्धित स्थानीय तह (प्रमुख-उप प्रमुख/अध्यक्ष-उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, स्वास्थ्य शाखा) तथा स्वास्थ्य कार्यालय को हुने हुँदा यस व्यहोरा सवै स्थानीय तह र स्वास्थ्य कार्यालयले आत्मसाथ गर्ने ।

१०. सार्वजनिक कार्यालय तथा स्थलमा रहेको Hand Wash Station लाई सम्वन्धित स्थानीय तह/ कार्यालयले पुन: मर्मत गरी सुचारु गर्ने ।

११. वडा अध्यक्ष, स्थानीय स्वास्थ्य संस्था र स्थानीय प्रहरी प्रतिनिधि समेतको अनुगमन तथा निगरानी टिम बनाउने र सो टिमले होम क्वारेन्टिन तथा होम आईसोलेसनमा बस्नका लागि आवश्यक पुर्वाधार रहे नरहेको एकिन गरी स्वीकृतिको लागि LCCMC मा सिफारिस गर्ने र LCCMC तथा पालिकाबाट स्वीकृति लिई क्वारेन्टिन/आईसोलेसनमा बसेको व्यक्तिको दैनिक स्वास्थ्य निगरानी स्वास्थ्य शाखाले फोन मार्फत वा घरभेट गरी गर्ने । सोको दैनिक प्रतिवेदन स्वास्थ्य कार्यालयमा रहेको सिचुएसन सेन्टरलाई गर्ने ।

१२. सिरहा, लहान, गोलबजार न.पा. ले तत्कालै कम्तिमा १०० वेडको आईसोलेसन सेन्टर र अन्य गा.पा. हरुले हालको लागि कम्तिमा २५ वेडको र न.पा. हरुले ५० वेडको आईसोलेसन सेन्टर तत्काल तयार गरी अक्सिजन लगायतको अत्यावश्यक औषधी सामाग्रिहरुको समेत व्यवस्थापन गर्न अनुरोध गर्ने ।

१३. सिरहा न.पा. ले सिरहा अस्पताल र लहान न.पा. ले लहान अस्पतालको आईसोलेसन व्यवस्थापनमा आवश्यक सयहोग गर्ने ।

१४. सिरहा अस्पताल सिरहा र लहान अस्पताल, लहानको १/१ एम्वुलेन्सलाई कोभिड-१९ डेडिकेटेड एम्वुलेन्स बनाउने । सोमा लाग्ने इन्धन खर्च जिल्ला प्रशासनको कोभिड-१९ कोषबाट व्यहोर्ने ।

१५. ल्याव प्राविधिक नरहेको स्थानीय तहमा PCR/Antigen Test का लागि प्राविधिक पठाउन समन्वय गर्ने र सो को लागि यतायात तथा भ्रमण खर्च सम्वन्धित पालिकाले उपलव्ध गराउने तथा जोखिम भत्ता दरबन्दि रहेको स्थानबाट उपलव्ध हुने ।

१६. कोभिड-१९ का शंकास्पद विरामीहरुको जाँच परीक्षणका लागि १०,०००/- Antigen Test Kit प्रदेश सरकार स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रबाट तत्कालै उपलव्ध गराईदिनि अनुरोध गर्ने

१७. Risk Communicaton को लागि सम्वन्धित न.पा/ गा.पा. को सहयोगमा कार्यक्रम संचालन गर्ने र आवश्यक्ता अनुसार स्वास्थ्य कार्यालयले यसका लागि बजेट तथा कार्यक्रम बनाई पेश गर्ने ।

२०७८/१/२७
प्रमुख जिल्ला अधिकारी